# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४) छत्रदेव गाउँपालिका मितिः २०७७/०२/१७ (संख्याः ३**

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**सम्वत् २०७७ सालको कार्यविधि नं. ३**
**कार्यविधिको नाम : छत्रदेव गाउँपालिकाको सामुदायिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान कार्यविधि, २०७७**

**प्रस्तावनाः**

शिक्षामा सबै वर्ग र समुदायका व्यक्तिहरुको सहज पहुँच पुर्याउन र शिक्षालाई सर्वसुलभ,व्यवस्थित र मर्यादित बनाउन,गाउँपालिका भित्र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जाने उद्देश्यले, गणित, विज्ञान र अंग्रेजी विषयको शिक्षक अभाव पूर्ति गर्न छत्रदेव गाउँपालिका क्षेत्रभित्र अनुमति तथा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइलाई



Scanned with CamScanner

सहयोग पुर्याउन वितरण गरिने शिक्षक अनुदान रकम वितरण र व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन र एकरुपता कायम गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम यस सामुदायिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान कार्यविधि-२०७७ जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "छत्रदेव गाउँपालिकाको सामुदायिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान कार्यविधि-२०७७" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले सामुदायिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान कार्यविधि-२०७७ सम्झनुपर्छ।

ख. "माध्यमिक तह" भन्नाले कक्षा ९-१० वा कक्षा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

ग. "आधारभूत तह" भन्नाले कक्षा १-८ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ।

घ. "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ङ. "शिक्षक अभिभावक संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।





च. "सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सामाजिक परीक्षण समितिलाई सम्झनुपर्छ।

छ. "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

ज. "शिक्षक" भन्नाले विद्यालयको आधारभूत तहदेखि माध्यमिक तहसम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जानाउँछ।

झ. "गाउँपालिका" भन्नाले छत्रदेव गाउँपालिकालाई सम्झनुपर्छ।

ञ. "कर्मचारी" भन्नाले विद्यालयलाई प्राप्त दरवन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरवन्दी सिर्जना गरी नियुक्त गरेको विद्यालय सहायक,विद्यालय सहयोगी, लाईब्रेरियन, चौकिदार र स्वीपर (सफाईकर्मी) सम्झनुपर्छ।

ट. "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति बाबु,आमा,बाजे,बज्यै,धर्म बाबु, धर्म आमा र त्यस्ता अभिभावक नभएको हकमा विद्यार्थीलाई प्रचलित कानून अनुसार संरक्षकत्व प्रदान गर्ने व्यक्ति सम्झनुपर्छ।

ठ. "सम्बन्धित निकाय" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा, छत्रदेव गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाइ,प्रदेश शिक्षा निर्देशनालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षासँग सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

**३. उद्देश्यः** छत्रदेव गाउँपालिका भित्रका प्राविधिक धारतर्फका शैक्षिक कार्यक्रम सञ्चालन गरेका, आधारभूत र माध्यमिक तह सञ्चालन



Scanned with CamScanner

भएका तर दरवन्दी वा शिक्षक अनुदान नपाएका र एक दरवन्दी वा शिक्षक अनुदान मात्र पाएका विद्यालयका तहको शिक्षण सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सहयोग पुर्याउन आवश्यक भएकोले सामुदायिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान कार्यविधि-२०७७जारी गरिएको छ।

## परिच्छेद-२
## शिक्षण अनुदान र शिक्षकको शैक्षिक योग्यता

४. **शिक्षक अनुदान वितरण:** छत्रदेव गाउँपालिकाबाट शिक्षक अनुदानको लागि विनियोजित रकमको परिधिभित्र रही प्रचलित कानून अनुसार अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई संघ,प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरी वडा कार्यालयको सिफारिसमा गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

५. **शैक्षिक योग्यता:** अनुदान रकमबाट भर्ना हुने शिक्षकको शैक्षिक योग्यता प्रचलित कानून अनुसार हुनेछ।

## परिच्छेद-३
## पदपूर्ति र नियुक्ति

६. **पदपूर्ति:**

क. गाउँपालिकाबाट शिक्षक अनुदानको रकम र संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि सम्बन्धित विद्यालयले अंग्रेजी,विज्ञान र गणितमध्ये आवश्यकता अनुसारको विषयको शिक्षक पदपूर्ति गर्न प्रतियोगितात्मक प्रतिस्पर्धाबाट प्रचलित कानून अनुसार निर्धारित





प्रकृया पुर्याई छनौट गर्नुपर्नेछ। प्रतिस्पर्धाबाट अध्यापनरत विषय मिल्दो शिक्षकलाई निरन्तरता दिन सकिनेछ।

ख. विद्यालयलाई आवश्यक शिक्षक पद संख्या,आवश्यक योग्यता (विषयगतका हकमा विषय समेत उल्लेख गरी) परीक्षा हुने मिति,समय र स्थान सहित अन्य विवरण खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई, सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा समेत सूचना प्रकाशन र प्रशारण गर्नुपर्नेछ।

ग. प्रकाशित विज्ञापनमा तोकिएको म्यादभित्र पर्न आएका दरखास्थ उपर प्रारम्भिक छानविन गरी आवश्यक न्युनतम योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराई शिक्षक पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ।

घ. प्रकाशित विज्ञापनमा तोकिएको म्यादभित्र पर्न आएका दरखास्थ उपर प्रारम्भिक छानविन गरी आवश्यक न्युनतम योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराई शिक्षक पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ।

ङ. गाउँपालिकाबाट अनुदान प्राप्त शिक्षक पदपूर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ।

अ. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

आ. सम्बन्धित गाउँ कार्यपालिकाको शिक्षा अधिकृत - सदस्य

इ. गाउँपालिकामा सूचिकृत भएका विषयविज्ञमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेका सम्बन्धित तह वा माथिल्लो तहका दुईजना विषय विषेशज्ञ -सदस्य

ई. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव



Scanned with CamScanner

च. शिक्षक छनौट समितिको पदावधि सम्बन्धित पदपूर्ति कार्य समाप्त भएपछि स्वतः समाप्त हुनेछ।

छ. शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

अ. शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार लिखित तथा अन्तर्वार्ता परीक्षा लिने।

आ. सफल उम्मेदवारलाई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

इ. सिफारिस भएका र वैकल्पिक उम्मेदवारको नाम गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने।

ई. परीक्षा सम्बन्धि अन्य कार्य गर्ने।

**७. नियुक्ति र म्याद थपः**

क. गाउँपालिकाको अनुदान प्राप्त शिक्षकको नियुक्ति र म्याद थप देहाय अनुसार गर्नु पर्नेछ।

अ. शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेदवारहरुलाई छनौट समितिबाट सिफारिस भएको सात दिन भित्र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई बढीमा एक आर्थिक वर्षका लागि करारको रुपमा प्र.अ. ले नियुक्ति गरी सोको जानकारी गाउँपालकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ।

आ. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएमा एक पटकमा एक आर्थिक वर्षमा नबढाई विद्यालय व्यवस्थापन समितिले करार नियुक्तिको म्याद थप गर्न सक्नेछ।





**८. काम, कर्तव्यः**

गाउँपालिकाको अनुदानबाट नियुक्ति भएका शिक्षकहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## तलब भत्ता

**९. तलब भत्ताः**

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि गाउँपालिकाको समन्वयमा वि.व्य.स. को निर्णय बमोजिमको तलब चौमासिक रुपमा पाउनेछ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले एक महिनाको खाइपाइ आएको तलब बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछ।

**१०. विदाः**

क. शिक्षकको विदा सम्बन्धित वि.व्य.स.को निर्णय तथा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

ख. विदा बस्नु परेमा स्वीकृत लिई विदा बस्नु पर्नेछ।

ग. विदा अधिकार नभई सहुलियत मात्र हुनेछ।

## परिच्छेद-५

**११. शिक्षकको आचारसंहिता**

क. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले देहायको आचारसंहिता पालना गर्नुपर्नेछ।



Scanned with CamScanner

अ. नियमित रुपमा विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

आ. विद्यार्थी र शिक्षकबीच मर्यादित व्यवहार गर्ने ।

इ. आफ्नो पेशाप्रति इमान्दार रही विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

ई. जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य राख्नुपर्ने कुराहरुलाई प्रतक्ष्य वा अप्रत्यक्ष रुपमा प्रकट गर्न पाइने छैन ।

उ. पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।

ऊ. विद्यालयको हित विपरित कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,तालाबन्दी गर्ने, शारिरीक वा मानसिक दवाब दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन पाइने छैन ।

ए. मादक पदार्थको सेवन गरी विद्यालय परिसरभित्र प्रवेश गर्न पाइने छैन ।

ऐ. आर्थिक अनुशासनभित्र रहनुपर्नेछ ।

ओ. विदा बस्दा स्विकृत लिएर मात्र बस्नुपर्नेछ ।

ख. शिक्षकले पालना गर्नुपर्ने अन्य आचारसंहिता प्रचलित कानूनबमोजिम हुनेछन् ।

## परिच्छेद-६

### १२. सजाय सम्बन्धी व्यवस्था

क. सजायः उचित र प्रयाप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहायबमोजिमको सजाय गर्न सकिनेछ ।

ख. नसिहत दिने,

ग. तलब रोक्का गर्ने,

घ. आवश्यक क्षतिपूर्ति भराउने,

ङ. निश्चित समयको लागि निलम्बन् गर्ने,





च. सेवाबाट हटाउने वा बर्खास्थ गर्ने,

**१३. नसिहत दिने:** विद्यालयमा अनुपस्थित रहने, जिम्मेवारी पूरा नगर्ने, समय पालना नगरे निजलाई नसिहत दिन सकिनेछ ।

**१४. तलब रोक्का गर्ने:** देहायको अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहीन काम गरेमा,

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा,

ग. विना सूचना विद्यालयमा अनुपस्थित रहेमा,

घ. विद्यालयको काम समयमा सम्पन्न गनरेमा,

ङ. विद्यालय प्रशासनले दिएको आदेश पालना नगरेमा,

च. आफ्नो पदीय जिम्मेवारी पालना नगरेमा,

छ. विद्यालयको गोपनियता भंग गरेमा,

ज. यस कार्यविधि र प्रचलित कानूनमा उल्लेखित आचारसंहिताको पालना नगरेमा,

**१५. आवश्यक क्षतिपूर्ति भराउने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनैपनि शिक्षकले जानाजानी लापर्वाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पूरा रुपमा निजको तलबबाट कट्टा गरी असुल उपर गरिनेछ र तलबबाट नपुग रकम निजको जायजेथबाट असुल उपर गरिनेछ ।

**१६. निश्चित समयको लागि निलम्बन गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनैपनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँचबुझ गर्नुपरेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।



Scanned with CamScanner

**१७. सेवाबाट हटाउने वा बर्खास्थ गर्ने:**

(१) देहायको अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठरिने गरी सेवाबाट हटाउन सकिनेछ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा,मादक पदार्थ सेवन गरी विद्यालय आएको प्रमाणित भएमा,

ख. विदा स्वीकृत नगराई सात दिनसम्म अनुपस्थित भएमा,

ग. विद्यालयलाई हानी नोक्सानी हुने कार्य गरेमा,

घ. विद्यालयको गोपनियता भंग गरेमा,

ङ. अनुशासन र आचरण सम्बन्धी व्यवस्था बारम्बार उल्लंघन गरेमा,

च. मगज बिग्रेमा,

छ. विद्यालयलाई असर पर्ने गरी एउटै समयमा अन्य संस्थामा काम गरेमा,

**१८. सजाय गर्ने अधिकारी:** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहायबमोजिम हुनेछन्।

क. आफूभन्दा मुनीका शिक्षकहरुलाई सचेतना गराउने, गयल कट्टी गर्ने अधिकार प्रधानाध्यापकलाई हुनेछ।

ख. शिक्षकको तलब रोक्का गर्ने तथा सेवाबाट हटाउने वा बर्खास्थ गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ।

तर सजाय दिने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ र सम्बन्धित शिक्षकले पनि तोकिएको म्यादभित्र आफ्नो सफाइ पेश गर्नु पर्नेछ।





## परिच्छेद-७
## विविध

**१९. विविध:**

क. यस कार्यविधिको संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ।

ख. यस कार्यविधिमा उल्लेख नभएका कुराहरु गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ।

ग. यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाका विषयमा कुनै दुविधा भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

प्रमाणिकरण मिति: २०७७/०२/१७

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका



Scanned with CamScanner